# राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति

(पदपूर्ति समिति)

खुमलटार, ललितपुर

(फोन नं. ५५२६९२७/५५५३०४९)

## खुला प्रतियोगिताद्धारा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०७७।१०।०९)

लोक सेवा आयोगको सहमति अनुसार लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुने गरी यस प्रयोगशालाको शाखा कार्यालयहरु (वर्दिवास र धनगढी) मा रिक्त रहेका देहायका पदहरु खुला प्रतियोगितात्मक परीक्षाको माध्यमद्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट नेपाली नागरिकता र शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि स्वयं आफैले प्रमाणित गरी सो समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन र दोब्बर दस्तुर तिरी थप ७(सात) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्न आह्वान गरिएको छ । दरखास्त फाराम रु. १०० (एक सय) तिरी प्रयोगशालाको कार्यालय खुमलटार, ललितपुरबाट प्राप्त गर्न सकिनेछ । सम्बन्धित पद/तहको लागि तोकिएको परीक्षा दस्तुर कृषि विकास बैंक, सातदोबाटो, ललितपुर स्थित राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको खाता नं. ०२११८०१२४६०५७०१९ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ । रीत नपुगेका र म्याद नाघी आएको दरखास्त माथी कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ । परीक्षाको पाठ्यक्रम प्रयोगशालाको वेवसाइट www. forensic.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता | आवश्यक संख्या | | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खुला/ समावेशी | माग संख्या | |
| १/०७७-०७८ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | रसायन विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञानमा स्नातकोत्तर वा केमेष्ट्री/ फार्मेसी/टक्सिकोलोजी मुख्य विषय लिई विज्ञानमा स्नातकोत्तर उपाधी प्राप्त गरेको वा विज्ञानमा स्नातक तहको परीक्षा उत्तीर्ण गरी विधि विज्ञानको कुनै विषयमा डिप्लोमा वा कम्तीमा ६ महिनाको तालिम वा सम्बन्धित क्षेत्रमा २ वर्षको अनुभव प्राप्त गरेको । | खुला | १ | रु. ७००।- र समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी पदका लागि थप रु.३००।– |
| २/०७७-०७८ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | रसायन विज्ञान | | आ.ज. | १ | |
| ३/०७७-०७८ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | जीव विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञानमा स्नातकोत्तर वा वायोलोजी /वायोकेमेष्ट्री / माइक्रोवायोलोजी/बायो टेक्नोलोजी मुख्य विषय लिई विज्ञानमा स्नातकोत्तर उपाधी प्राप्त गरेको वा विज्ञानमा स्नातक तहको परीक्षा उतीर्ण गरी विधि विज्ञानको कुनै विषयमा डिप्लोमा वा कम्तीमा ६ महिनाको तालीम वा सम्बन्धित क्षेत्रमा २ वर्षको अनुभव प्राप्त गरेको । | खुला | १ | रु. ७००।- र समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी पदका लागि थप रु.३००।– |
| ४/०७७-०७८ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | जीव विज्ञान | | आ.ज. | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५/०७७-०७८ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | भौतिक विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञानमा स्नातकोत्तर वा फिजिक्स/केमेष्ट्री /स्टाटिस्टिक्स मुख्य विषय लिई विज्ञानमा स्नातकोत्तर उपाधी प्राप्त गरेको वा विज्ञानमा स्नातक तहको परीक्षा उत्तीर्ण गरि विधि विज्ञानको कुनै विषयमा डिप्लोमा वा कम्तीमा ६ महिनाको तालिम वा सम्बन्धित क्षेत्रमा २ वर्षको अनुभव प्राप्त गरेको । | खुला | १ | रु. ७००।- र समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी पदका लागि थप रु.३००।– |
| ६/०७७-०७८ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | भौतिक विज्ञान | | आ.ज. | १ | |
| ७/०७७-०७८ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | रसायन विज्ञान | केमेष्ट्री वा फार्मेसी वा टक्सिकोलोजी मुख्य विषय लिई विज्ञानमा स्नातक तह उत्तीर्ण गरेको । | खुला | १ | रु.४००।- र समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी पदका लागि थप रु.२००।– |
| ८/०७७-०७८ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | रसायन विज्ञान | | मधेशी | १ | |
| ९/०७७-०७८ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | जीव विज्ञान | वायोलोजी वा वायोकेमेष्ट्रि वा माइक्रोवायोलोजी वा वायोटेक्नोलोजी मुख्य विषय लिई विज्ञानमा स्नातक तह उत्तीर्ण गरेको । | खुला | २ | रु.४००।- र समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी पदका लागि थप रु.२००।– |
| १०/०७७-०७८ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | जीव विज्ञान | | आ.ज. | १ | |
| ११/०७७-०७८ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | जीव विज्ञान | | मधेशी | १ | |
| १२/०७७-०७८ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | भौतिक विज्ञान | फिजिक्स वा केमेष्ट्री वा स्टाटिस्टिक्स मुख्य विषय लिई विज्ञानमा स्नातक तह उत्तीर्ण गरेको । | खुला | १ | रु.४००।- र समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी पदका लागि थप रु.२००।– |
| १३/०७७-०७८ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | भौतिक विज्ञान | | मधेशी | १ | |
| १४/०७७-०७८ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | भौतिक विज्ञान | | दलित | १ | |
| १५/०७७-०७८ | प्रशासकीय सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | खुला | १ | रु. ४००।- |
| १६/०७७-०७८ | लेखापाल | ५ | प्रशासन | लेखा | व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | महिला | १ | रु.४००।- |
| १७/०७७-०७८ | कार्यालय सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | प्रवेशिका परीक्षा (एस.एल.सी) वा सो सरह उत्तीर्ण गरेको । | खुला | १ | रु.३००।- |

**परीक्षाको किसिमः** लिखित तथा अन्तर्वार्ता ।

**समकक्षता निर्धारण प्रमाणपत्र** : उपर्युक्त पदहरुमा दरखास्त दिने उमेदवारले विदेशमा हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नु पर्नेछ ।

**उमेरको हदः** प्राविधिक सेवा तर्फ अधिकृत तहको लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको एवं सहायक तहको लागि १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र प्रशासन सेवा तर्फ १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)। यसैगरी प्रयोगशालामा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**तलव तथा अन्य सुविधाः** प्रयोगशालाको नियमानुसार ।

**दरखास्त दिने अन्तिम मितिः** २०७७।११। ०९ गते सम्म र दोब्बर दस्तुर तिरी २०७७।११।१६ गतेसम्म । दरखास्त पेश गर्ने अन्तिम दिन (दोब्बर दस्तुर बाहेक) सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुलेको दिन) ।

लिखित परीक्षाको कार्यक्रम पछि प्रकाशित गरिनेछ । सोको सूचना यस प्रयोगशालाको वेबसाइटमा राखी गोरखापत्रमा समेत प्रकाशन गरिनेछ ।

दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालीम, अनुभव तथा नोकरी अवधिको प्रयोजनको लागि गणना गरिने छैन ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष जानकारी

१. आदिवासी/जनजातिका हकमाः नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात ।

२. मधेशीका हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

३. दलितका हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

# राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति
## खुमलटार, ललितपुर
(पदपूर्ति समिति)

**जेष्ठता र कार्यसम्पादन मूल्याँकन तथा कार्यक्षमता मूल्याँकन द्धारा हुने बढुवा सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०७७/१०/०९)

लोक सेवा आयोगबाट प्राप्त सहमति अनुसार यस प्रयोगशालामा रिक्त पदहरु मध्ये तपसिलमा उल्लेखित पदहरुमा राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समितिको कर्मचारी सेवाशर्त नियमावली, २०६५(पहिलो संसोधन २०७४ सहित) को नियम १४ बमोजिम जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनको आधारमा हुने वढुवा द्धारा पूर्ति गर्नुपर्ने भएकोले २०७७ आषाढ मसान्त सम्ममा उक्त नियमावली बमोजिम सम्भाव्य उम्मेदवार हुन योग्यता पुगेका कर्मचारीहरुलाई यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस प्रयोगशालाको कार्यालय, खुमलटार, ललितपुरमा रितपूर्वक दरखास्त पेश गर्नको लागि सूचित गरिन्छ ।

**तपसिल**

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद संख्या | बढुवाको किसिम |
|---|---|---|---|---|---|---|
| १/०७७-७८ | वरिष्ठ वैज्ञानिक अधिकृत | आठौं | प्राविधिक | रसायन विज्ञान | १ | कार्यक्षमता |
| २/०७७-७८ | वरिष्ठ वैज्ञानिक अधिकृत | आठौं | प्राविधिक | भौतिक विज्ञान | १ | कार्यक्षमता |
| ३/०७७-७८ | वैज्ञानिक अधिकृत | सातौं | प्राविधिक | रसायन विज्ञान | १ | जेष्ठता र कार्यसम्पादन |
| ४/०७७-७८ | वैज्ञानिक अधिकृत | सातौं | प्राविधिक | जीव विज्ञान | १ | कार्यक्षमता |
| ५/०७७-७८ | वैज्ञानिक सहायक | पाँचौं | प्राविधिक | रसायन विज्ञान | १ | जेष्ठता र कार्यसम्पादन |
| ६/०७७-७८ | वैज्ञानिक सहायक | पाँचौं | प्राविधिक | रसायन विज्ञान | १ | कार्यक्षमता |
| ७/०७७-७८ | वैज्ञानिक सहायक | पाँचौं | प्राविधिक | भौतिक विज्ञान | १ | जेष्ठता र कार्यसम्पादन |
| ८/०७७-७८ | प्रशासकीय सहायक | पाँचौं | प्रशासन | सामान्य प्रशासन | १ | कार्यक्षमता |
| ९/०७७-७८ | लेखापाल | पाँचौं | प्रशासन | लेखा | १ | जेष्ठता र कार्यसम्पादन |